प्रमाणीकरण मिति: २०८०।१०।२९

# तामाकोशी गाउँपालिकाको

## कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७९ (प्रथम संशोधन २०८०)

**प्रस्तावना**

नेपालको संविधानको प्रस्तावना नै "समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने" र धारा ५० को उपधारा ३ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गर्दै आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ भन्ने उल्लेख भएको, त्यस्तै धारा ५१ (घ) को (१) मा सार्वजनिक, निजी, सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीतिलाई आत्मसात् गर्दै यस पालिकाका जनताको आय आर्जन वृद्धिसँगै राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने उदेश्यले तामाकोशी गाउँपालिकाबाट कृषि र पशुपालनको लागि बजेट विनियोजन गरिने छ । उक्त बजेटको कार्यान्वयनको लागि स्थानीय सहकारी संस्थाहरू, सम्बन्धित किसान (व्यवसायी) र गाउँपालिका (स्थानीय सरकार) को साझेदारीमा तामाकोशी गाउँपालिकाले कृषि, पशुपालन लगायत उद्यम विकासका क्षेत्रमा लगानी गरी व्यवसायिक उद्यम मार्फत व्यक्तिको सामाजिक एवं आर्थिक विकासका विभिन्न कृयाकलापहरुमा सहभागी गराउन र गरिबी न्यूनीकरण गरी आर्थिक जीवनस्तर उकास्न कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष स्थापना गर्न वाञ्छनीय भएकोले कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा १२(५) र १७ मा व्यवस्था भए बमोजिम तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि २०७९ तयार गरेको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** (क) यस कार्यविधिको नाम "कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि २०७९ (प्रथम संशोधन २०८०)" रहेको छ ।

(ख) यो कार्यविधि तामाकोशी गाउँपालिका गाउँ कार्यपालिका बैठकबाट पारित मितिदेखि लागू हुनेछ ।

**२ परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गतका कृषि विकास, पशु विकास तथा सहकारी शाखालाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले गाउँपालिकाद्वारा निर्मित कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सम्झनु पर्छ ।

(घ) "जरिबाना" भन्नाले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको रकम सम्झौता बमोजिम समयमा भुक्तानी गर्न नसकेमा लाग्ने थप रकम सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले तामाकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तामाकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "पालिका" भन्नाले तामाकोशी गाउँपालिका सम्झनुपर्छ ।

(ज) "गाउँ कार्यपालिका" भन्नाले तामाकोशी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(झ) "व्याज" भन्नाले कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको रकम ऋण प्रवाह गर्दा प्राप्त साँवा बाहेकको रकम सम्झनुपर्छ ।

(ञ) "व्यवसाय" भन्नाले सहकारी संस्थाका सदस्यहरूले आय आर्जनका लागि गर्ने व्यवसाय तथा कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा १२ (१) बमोजिमको कार्यलाई सम्झनु पर्छ।

(ट) "सहकारी" भन्नाले कानुन बमोजिम दर्ता भई तामाकोशी गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ठ) "कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन समिति" भन्नाले तामाकोशी गाउँपालिका कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि २०७९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ड) "स्कीम/परियोजना" भन्नाले कृषि उपज (फलफूल खेती/पुष्प खेती समेत) तथा पशु तथा पंक्षी पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

(ढ) पशु विकास कार्यक्रम सञ्चालन भन्नाले कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजी सहितको व्यवसायिक पशु (व्यावसायिक गाई/भैंसी/बंगुरपालन, व्यवसायिक खसी/बाख्रा र पशुपंक्षी/माछापालन) उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

## परिच्छेद २

## उद्देश्य र क्षेत्र

**३. उद्देश्य:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय सरकारले आफ्ना नागरिकहरूको आर्थिक उन्नतिका लागि वित्तीय कारोबार गर्न सहजीकरण गर्ने एवं गरिबी न्यूनीकरण लागि नागरिकहरूलाई सहुलियत ऋण तथा अनुदानको सहज व्यवस्था गर्नु पर्ने कानुनी व्यवस्था गरेको छ । यसै सन्दर्भमा यस गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषले गरिबी निवारणका लागि आयमुलक स्वरोजगारी श्रृजना गर्न गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्था मार्फत सहुलियतमा ऋण परिचालन गर्न गाउँपालिकाले कोषको स्थापना गर्नेछ । उक्त कोषको रकमबाट सहकारी संस्थालाई सहुलियत कर्जा उपलब्ध गराई सहकारी संस्था मार्फत आफ्ना नागरिकलाई सहुलियत ऋण उपलब्ध गराई कृषि, पशुपालन तथा कृषिमा आधारित व्यवसाय प्रवर्द्धन गरी व्यक्तिको आर्थिक जीवनस्तर उकास्नु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

**४.** कोषबाट सहुलियत ऋण उपलब्ध गराइने क्षेत्र (व्यक्ति वा सहकारी संस्था): कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषबाट सहुलियत ऋण उपलब्ध गराउँदा देहायका क्षेत्रहरूमा गराइनेछ ।

(क) कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा १२ (१) बमोजिमका कार्य व्यवसायिक रूपमा गर्दै आएका व्यक्तिहरूलाई सहकारी संस्थाको नीति नियम भित्र रही ऋण लगानी गर्ने ।

(ख) सामूहिक रूपमा व्यवसाय गर्ने सहकारी संस्थाहरूमा लगानी गर्ने ।

(ग) स-साना घरेलु उद्योग, लघु उद्यम तथा कृषिमा आधारित व्यवसाय सहकारीका सदस्यहरूले तालिम प्राप्त गरी घरेलु उद्योग, लघु उद्यम, तथा कृषि र पशुपालनमा आधारित व्यवसाय जस्तै बेमौसमी तरकारी खेती, मौरी पालन, माछा पालन, दुग्ध तथा मासु उत्पादन, च्याउ खेती आदि साथै लघु उद्यम व्यवसाय जस्तै ऊनी झोला, ढाका कपडा, बाँस जन्य सामग्री, साबुन, वाइन, ससेज आदि जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग व्यवसायका लागि कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषबाट ऋण प्रवाह गर्न सकिनेछ ।

(घ) यस कार्यक्रमको मुख्य उद्देश्यलाई थप प्रभावकारी बनाउनका लागि तामाकोशी गाउँपालिका भित्रका बेरोजगार भइ पुँजीको अभावमा आय आर्जन गर्नबाट वञ्चित युवाहरूलाई स्थानीय रूपमा नै कृषि, पशुपंक्षी तथा अन्य क्षेत्रमा रोजगारीका अवसर सिर्जना गराई गाउँ छाडेर विदेश या देश भित्रका अन्य भागमा जानुपर्ने बाध्यताबाटै मुक्त गराउनका साथै तपसिल बमोजिमका अन्य उदेश्यहरू प्राप्त हुनेछन् ।

प्रमाणीकरण मिति: २०८०।१०।२९

- कार्यक्रम सञ्चालन भएपछि युवाहरू आफ्नै गाउँ ठाउँमा स्वरोजगार हुनेछन।
- युवाहरूमा उद्यमशिलता बढ्ने छ।
- नयाँ पुस्तामा गाउँमै अवसरहरू प्राप्त छन् भन्ने सन्देश प्रवाहित हुनेछ।
- युवा पलायन रोकिने छ।
- स्थानीय स्रोतको उच्चतम प्रयोग भै समग्र ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ।
- गरिबी निवारणमा महत्वपुर्ण सहयोग पुग्नेछ।
- "समृद्ध तामाकोशी हाम्रो सरोकार" भन्ने नारालाई सफल पार्न सहयोग पुग्नेछ।

## परिच्छेद –३
## कार्यक्रम सञ्चालन प्रकृया

**५. प्रस्ताव आह्वान:**

यस कार्यक्रममा सहभागी हुन इच्छुक व्यवसायी व्यक्ति वा सामूहिक व्यवसाय गर्ने सहकारी संस्था वा साझेदार सहकारी संस्था मार्फत प्रस्ताव पेस गर्नका लागि स्थानीय सञ्चार माध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी गाउँपालिकामा पेश गर्ने गरी प्रस्ताव आह्वान गरिने छ। प्रस्ताव आह्वानको सूचना स्थानीय स्तरको दैनिक पत्रिकामा / स्थानीय पत्रिकामा वा कार्यालयले साझेदार सहकारी संस्था छनौटका लागि १५ दिने प्राविधिक प्रस्ताव पेस गर्ने सूचना प्रकाशन गर्नेछ। प्राविधिक प्रस्तावका साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू सूचनामा उल्लेख भएबमोजिम हुनेछ।

**६.** प्राविधिक प्रस्ताव पेस गर्ने सूचना सार्वजनिक भएको १५ दिन भित्र यस्तो कार्यक्रममा सहभागी हुन चाहने इच्छुक साझेदार सहकारी संस्थाहरूले पेस गरेको प्रस्तावहरू कोष सञ्चालन समितिले **अनुसूची १** बमोजिम मूल्यांकन गरि आर्थिक प्रस्ताव माग गर्न योग्य साझेदार सहकारी संस्थाहरू छनौट हुनेछन्।

**७.** प्राविधिक प्रस्तावबाट छनौट भएका साझेदार संस्थाहरूसँग आर्थिक प्रस्ताव पेस गर्न ७ दिने सूचना प्रकाशन गरिनेछ। कार्यक्रम प्रस्ताव माग गरि पेस गर्ने/गराउने प्रयोजनका लागि आर्थिक प्रस्तावमा छनौट हुने साझेदार सहकारी संस्थाहरूलाई गाउँपालिकाले कार्यक्रम सञ्चालनको क्षेत्र गत कार्य विवरण (TOR) उपलब्ध गराउने छ। गाउँपालिकाले गर्ने सूचना आह्वान पछि साझेदार सहकारी संस्थाहरूले यस कार्यक्रम मार्फत सहुलियत पूर्ण ऋण प्राप्त गरी उपयुक्त व्यवसाय गर्न इच्छुक सदस्य किसानहरूसँग **अनुसूची २ र अनुसूची ३** बमोजिमको ढाँचामा आवेदन माग गर्नुपर्नेछ।

**८.** सहकारी संस्थामा प्राप्त भएका प्रस्तावित परियोजनाको आवेदनहरू संकलन गरी **अनुसूची ४** बमोजिमको ढाँचामा गाउँपालिकाको सहकारी शाखामा आर्थिक प्रस्ताव पेस गर्नुपर्ने छ।

**९.** साझेदार सहकारी संस्थाबाट पेस भएका आर्थिक प्रस्ताव उपर प्राविधिक समितिले **अनुसूची ५** बमोजिमको ढाँचामा मूल्यांकन गरि आर्थिक प्रस्ताव स्वीकृतिको लागि कोष सञ्चालक समिति समक्ष पेस गर्नुपर्नेछ। साझेदार संस्थाहरूबाट पेस भए बमोजिमका आवेदनहरूको आवश्यक स्थलगत मूल्यांकन प्राविधिक समिति सहित सम्बन्धित साझेदार संस्थाको प्रतिनिधि र सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको प्रतिनिधिले संयुक्त फिल्ड भिजिट गरि आवेदनको सम्भाव्यता र सान्दर्भिकताको आधारमा छनौटको प्राथमिकता निर्धारण गरिनेछ। प्राविधिक समितिले स्थलगत मूल्यांकन वा अन्य प्रयोजनका लागि आवश्यक पदाधिकारी, कर्मचारी, प्राविधिक वा विज्ञलाई मनोनीत गर्न सक्नेछ।

प्रमाणीकरण मिति: २०८०।१०।२९

**१०.** कोष सञ्चालक समितिबाट स्वीकृत भइ छनौट भएका प्रस्ताव बमोजिम साझेदार संस्थाहरूको लागि सिफारिस हुने रकमको यस कार्यविधि अनुसार ५०% का दरले हुन आउने रकम अर्थात् कोषबाट व्यहोरिने रकम साझेदार संस्थाहरूसँग गाउँपालिकाले **अनुसूची ६** बमोजिम सम्झौता गरि रकम निकासा गर्ने व्यवस्था गर्नेछ।

**११.** गाउँपालिकाबाट सहकारी संस्थालाई उपलब्ध गरिएको रकमको लगानी तथा असुल उपर गर्ने जिम्मा पनि सम्बन्धित सहकारीकै हुनेछ। कृषक / व्यक्तिले सम्बन्धित सहकारी संस्थालाई नियमित रूपमा तथा गाउँपालिकाले माग गरेको अवस्थामा **अनुसूची ७** बमोजिम प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१२. व्याज सम्बन्धमा:** कोषको रकम लगानी गर्दा सुरुमा कृषक / व्यक्तिले सहकारी संस्थालाई ६ प्रतिशतका दरले व्याज तिर्नुपर्ने छ। नियमित किस्ता नतिर्नेको हकमा भने सहकारीले आफ्नो नियमानुसार गर्नेछ। कृषक / व्यक्तिबाट फिर्ता नभएको ब्याज बापतको रकम सहकारीले गाउँपालिकाको कोषमा तोकिए बमोजिम नियमित रूपमा जम्मा गर्नुपर्नेछ।

**१३.** सहकारी संस्थाले गाउँपालिकाबाट निकासा भएको एकमुस्ट रकम बराबरको सावाँ र व्याज बराबरको रकम ३ वर्ष भित्र किस्ता बमोजिम फिर्ता गरि सक्नु पर्नेछ। प्रथम किस्ता सम्झौता भई रकम निकासा भएको मितिले ६ महिनापछि प्रारम्भ हुनेछ। साथै दोस्रो किस्ता प्रथम किस्ता भुक्तानी भए पश्चातको अन्तिम किस्ता भुक्तानी नहुन्जेलसम्म ३/३ महिनाको अवधिलाई आधार मानी भुक्तानी गर्नुपर्नेछ।

**१४.** कार्यक्रममा सहभागिताका लागि आवेदन दिने आवेदक तामाकोशी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ। यस कार्यक्रम अन्तर्गत सहभागी कृषक / व्यक्तिले परियोजना यसै गाउँपालिका भित्र मात्रै सञ्चालन गर्न पाउनेछन्।

**१४.** यस कार्यक्रमबाट सहुलियत ऋण प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने कृषक / व्यक्तिले आफ्नो कार्यक्रम/परियोजनाको अन्त्य सम्ममा तोकिएको किस्ताको अवधि तथा प्रतिशतका दरले परियोजना/कार्यक्रम अवधि भित्र उक्त ऋण फिर्ता गरी सक्नु पर्नेछ। प्राप्त गरेबापतको रकम फिर्ता भइसकेपछि सहकारीले रोक्का राखेको सम्पति फुकुवा गरि दिनु पर्नेछ।

**१५. प्राथमिकता दिनुपर्ने:** कार्यक्रममा सहभागिताका लागि निवेदकको आर्थिक अवस्था र सृजनशीलताको आधारमा प्राथमिकता तोकिने छ। यस्तो विश्लेषणको आधार फिल्ड भिजिटका क्रममा प्राविधिक समितिले गरेको मूल्यांकनका आधारमा कायम हुनेछ।

## परिच्छेद–४
## कार्यक्रम सञ्चालनका सामान्य नियमहरू

१६. यस कोष अन्तर्गत लगानी हुने सबै प्रकारका कार्यक्रमहरूमा देहाय बमोजिमका शर्तहरु समान रूपमा लागू हुनेछन्।

१. व्यवसाय सञ्चालन गर्दा छरछिमेकलाई असर नपर्ने गरी सञ्चालन गर्नुपर्नेछ।
२. व्यवसाय सञ्चालन गर्दा बालबालिकाको श्रम प्रयोग गर्न पाइने छैन।
३. सञ्चालन गरिने व्यवसाय भरसक बीमा गरिएको हुनुपर्नेछ।
४. वातावरणीय दृष्टिकोणले सफा र सबै फोहोरको व्यवस्थापन भएको हुनु पर्नेछ।
५. सकेसम्म स्थानीय कामदारलाई रोजगार दिइएको हुनुपर्ने छ।
६. सकेसम्म कार्यक्रम चक्लाबन्दीमा वा एउटै कम्पाउन्ड भित्र सञ्चालन भएको हुनुपर्नेछ।
७. कृषि कार्यमा प्राङ्गारिक मल र जैविक विषादी प्रयोग गरेको हुनुपर्नेछ।
८. कार्यक्रमको लागि तोकिएको न्यूनतम शर्त पुरा गरेको हुनुपर्नेछ।
९. दर्ता गरि सञ्चालन हुने व्यवसायले गाउँपालिकामा तिर्नुपर्ने सबै प्रकारका करहरू चुक्ता गरेको हुनुपर्नेछ।
१०. व्यवसायिक रूपमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित निकायमा नियमानुसार फर्म दर्ता गरेको हुनुपर्नेछ।
११. तामाकोशी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संशोधन गर्न सक्ने छ।

## परिच्छेद–५

## कोषको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

**१७. कोषको स्थापना:**

**(क)** कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिने छ।

(क) ऐनको दफा ११ (क) (ख) (ग) बमोजिमको क्षेत्रबाट प्राप्त हुने रकम।

(ख) ऐनको दफा ११ (घ) बमोजिमको रकमको हकमा गै.स.स. वा साझेदार संस्था, साझेदार सहकारी संस्थाबाट प्राप्त हुने रकम।

**(ख) खाता सञ्चालन** कोष सञ्चालनको लागि ऐनको दफा १२ (४) बमोजिमको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको खाता सञ्चालनमा ल्याइने छ।

**(ग) कोष सञ्चालक समिति:** देहाय बमोजिमको कोष सञ्चालक समिति रहने छ।

(क) अध्यक्ष - संयोजक

(ख) सामाजिक विकास समिति र आर्थिक विकास समितिका संयोजक -२ सदस्य

(ग) कार्यपालिका सदस्य मध्येबाट अध्यक्षले तोकेको १ जना - सदस्य

(घ) साझेदार संस्था वा साझेदार सहकारी संस्थाहरूबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना प्रतिनिधि -सदस्य

(ङ) गाउँपालिकाको सहकारी शाखा प्रमुख - सदस्य सचिव

**(घ) प्राविधिक समिति**: देहायको प्राविधिक समिति रहनेछ।

(१) गाउँपालिकाको कृषि र पशु विकास शाखा प्रमुख मध्ये (ज्येष्ठताका आधारमा) - संयोजक

(२) गाउँपालिकाको कृषि र पशु विकास शाखा प्रमुख मध्ये (कनिष्ठ) - सदस्य

(३) गाउँपालिकाको उद्यम विकास शाखा प्रमुख - सदस्य

**(ङ) अनुगमन समिति**: देहायको अनुगमन समिति रहने छ।

(१) उपाध्यक्ष - संयोजक

(२) गाउँपालिकाको कृषि विकास अधिकृत - १

(३) गाउँपालिकाको पशु विकास अधिकृत – १

(४) पालिका स्तरीय सहकारी सञ्जालको संयोजक -१

(५) सम्बन्धित वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य -१

(च) दफा (१७) को (ग), (घ) र (ङ) बमोजिमका समितिहरूले आवश्यकता अनुसार विभिन्न व्यक्ति तथा पदाधिकारीहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(छ) दफा (१७) को (ग), (घ) र (ङ) बमोजिमका समितिहरूको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकको भत्ता, खाना तथा खाजा नियमानुसार पाउने छ।

## परिच्छेद–६

## सहुलियत ऋण उपलब्ध गराउने प्रकृया र आवश्यक कागज पत्र सम्बन्धी व्यवस्था

**१८. कोषको सहुलियत ऋण लगानीको प्रकृया:** यस कोषबाट सहुलियत ऋण लिन चाहने व्यक्ति वा सहकारी संस्थाले देहाय बमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ।

**(क) सहकारी संस्था मार्फत व्यक्ति (व्यवसायी) ले सहुलियत ऋण लिँदाको हकमा**

(१) यस कोषमा साझेदारी गर्ने सहकारी संस्थाको सदस्य हुनुपर्नेछ।

(२) यस कोषमा जम्मा भएको रकम व्यक्तिलाई नभई सहकारी संस्था मार्फत सहुलियत ऋण उपलब्ध गराउने भएकोले व्यक्तिले आफ्नो परियोजना प्रस्ताव सहित सहकारी संस्थामा आवेदन दिनु पर्नेछ।

(३) प्रस्तावकले परियोजनाको २० प्रतिशत रकम आफैले लगानी गर्ने प्रतिबद्धता जनाई परियोजनाको सुरुवाति चरणमा लगानी सुनिश्चित गर्नुपर्नेछ।

**(ख) सहकारी संस्थाले सामूहिक व्यवसाय गर्दाको हकमा**

(१) सहकारी संस्थाले सामूहिक व्यवसाय गर्ने भएमा व्यवसायको प्रस्ताव, सञ्चालक समितिको निर्णय र सम्बन्धित वडाको सिफारिस सहित आवेदन गर्नु पर्नेछ।

(२) सहकारी संस्थाले व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण माग गर्दा ५०-५० % अर्थात् आधा लगानी गर्ने प्रतिबद्धता सहित आवेदन दिनु पर्नेछ।

(३) सहकारी संस्थाको भौतिक सम्पति भएमा सो धितो र नभएमा सञ्चालक समितिमा रहेका सञ्चालकहरूको निजी सम्पति धितो रोक्का राखी सहुलियत ऋण उपलब्ध गराइनेछ।

(४) सहकारी संस्थाले सामूहिक व्यवसायको लागि कोषबाट लिएको सहुलियत ऋणको व्याज ३ प्रतिशत कायम गरिने छ। सहकारी संस्थाले कोषबाट लिएको साँवा र ३ प्रतिशत व्याजको रकम कार्यतालिका बमोजिम कोषको खातामा जम्मा गर्ने प्रतिबद्धता बमोजिम कोषको खातामा जम्मा गर्नुपर्नेछ।

**(ग) साझेदार सहकारी संस्था (सहुलियत ऋण लिई व्यवसायीलाई लगानी गर्ने सहकारीको हकमा):** सहकारी संस्था मार्फत व्यक्तिलाई सहुलियत ऋण उपलब्ध गराउँदा सहकारी संस्थाले देहायको प्रकृया अवलम्बन गर्नु पर्नेछ।

(१) सहकारी संस्थामा प्राप्त भएका आवेदन र परियोजनाको अध्ययन गरी उपयुक्त परियोजनामा लगानी गर्न आवश्यक भएमा संस्थाको सञ्चालक समितिको बैठकद्वारा स्वीकृत गरी वडा समितिको सिफारिस साथ गाउँपालिकाको सहकारी शाखामा उल्लेख भए बमोजिमको ढाँचामा निवेदन गर्नुपर्ने छ।

(२) प्रस्तावकले निर्माण गर्ने परियोजनामा २०% किसान/व्यक्ति/समूह, ३०% सहकारी संस्था र ५०% कोषको रकम लगानी गर्ने सुनिश्चितता सहितको सञ्चालक समितिले निर्णय गर्नुपर्नेछ।

(३) सहकारी संस्थाले परियोजना छनौट भएका व्यक्तिलाई सहुलियत ऋण दिँदा शेयर सदस्यको हैसियतले सहुलियत ऋण लगानी गर्ने छ। यसरी सहुलियत ऋण लगानी गर्दा सम्बन्धित सहकारी संस्थाको सहुलियत ऋण लगानी तथा असुली र धितो सुरक्षण प्रकृयालाई सुनिश्चित गर्नुपर्नेछ।

(४) सम्बन्धित सहकारी संस्थाले लिएको सहुलियत ऋण भुक्तानी कार्यतालिका बमोजिमको रकम नियमित रूपमा कोषमा जम्मा गर्नु पर्नेछ।

(५) सहकारी संस्थाले व्यवसायीलाई सहुलियत ऋण लगानी गर्दा (...) उक्त रकमको व्याज दर ६ प्रतिशत कायमगरी सहुलियत ऋण लगानी गर्नुपर्नेछ।

(६) सहकारी संस्थाले कोषबाट लिने सहुलियत ऋणको व्याज १.५ प्रतिशत कायम गरिने छ। सहकारी संस्थाले कोषबाट लिएको साँवा र १.५ प्रतिशत व्याजको रकम कार्यतालिका बमोजिम सम्झौता भएको मितिले ३ वर्षभित्र कोषको खातामा फिर्ता गरि सक्नुपर्ने छ।

(७) सहकारी संस्थाले आफ्ना सदस्यहरूका लागि ऋण लगानी माग गर्दा दलित जनजाति, गरिब तथा पिछडिएका वर्ग र क्षेत्रमा प्राथमिकता दिई ऋण माग गर्नु पर्नेछ।

प्रमाणीकरण मिति: २०८०।१०।२९

(घ) गाउँपालिका / सञ्चालक समितिले दफा (१८) को (क), (ख) र (ग) मध्ये कुनै एक प्रकृया मार्फत कार्यक्रम सञ्चालन गर्न सक्ने छ।

**१९. साझेदार संस्थाले सहुलियत ऋण प्राप्त गर्नका लागि अनुसूची ४ बमोजिमको आर्थिक प्रस्तावका साथ पेश गर्नुपर्ने आवश्यक कागजात**

(क) सहकारी संस्थाको प्रमाण पत्र, विधान र ऋण नीति।

(ख) सहुलियत ऋण लिन र सहकारी संस्थाको लगानी सुनिश्चित गर्ने प्रतिबद्धता सहितको सञ्चालक समितिको निर्णय।

(ग) सहकारी संस्थाले कोषमा ऋण भुक्तानी गर्ने (TOR) बमोजिमको कार्यतालिकाको विवरण।

## परिच्छेद –७

## कोष सञ्चालक समिति, प्राविधिक समिति र अनुगमन समितिको काम कर्तव्य र अधिकार

**२०. कोष सञ्चालक समिति, प्राविधिक समिति र अनुगमन समितिको काम कर्तव्य र अधिकार**

**(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष**

(१) कोषमा प्राप्त भएका निवेदन उपर प्राविधिक समितिले छानबिन गरी उपयुक्त ठहरेका प्रस्तावहरू सिफारिस गरी कोष सञ्चालक समितिमा पठाउने छ।

(२) प्राविधिक समितिले सिफारिस गरेका प्रस्तावहरू मध्येबाट बजेटको अवस्था विश्लेषण गरी छनौट हुने सबै संस्थाहरूमा न्याय पुर्ण लगानी हुने गरी प्रस्ताव स्वीकृत गरी कार्यान्वयन गर्नेछ।

(३) कोषबाट स्वीकृत प्रस्ताव र सो बमोजिमको बजेट सम्बन्धित सहकारी संस्थामा निकासा हुनु भन्दा अगाडी गाउँपालिका र सहकारी संस्था बीचमा सम्झौता गरिनेछ। यस कार्यविधि तथा TOR मा नखुलेका विषयवस्तुहरू सम्झौतामा खुलाउनुपर्ने छ।

(४) कोषले प्राप्त गर्ने १.५ प्रतिशत व्याज र प्रत्येक वर्षको साँवा रकम कोषको खातामा जम्मा भई यस कार्यविधि बमोजिम नै नियमित लगानी गरिने छ। कोषमा प्राप्त रकम अन्य शीर्षकमा खर्च गर्न पाइने छैन।

**(ख) प्राविधिक समिति:** प्रस्तावदाता कृषक / व्यक्ति प्रस्ताव प्राविधिक रूपमा उपयुक्त भए नभएको सम्बन्धमा अध्ययन गर्ने कार्य प्राविधिक समितिको रहने छ। उक्त समितिको सिफारिसको आधारमा कोष सञ्चालन समितिले आवश्यक निर्णय लिनेछ।

**(ग) अनुगमन समिति:** कोषबाट लगानी भएको सहुलियत ऋण उपयुक्त परियोजनामा खर्च भए नभएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी अनुगमन समितिको हुनेछ। उक्त समितिले दिएको प्रतिवेदन माथि गाउँ कार्यपालिकाले छलफल गरी कोष सञ्चालन समितिलाई आवश्यक सल्लाह सुझाव र निर्देशन दिने छ।

## परिच्छेद ८

## सहुलियत ऋणको ब्याजदर, हर्जाना र जरिबानाका शर्त सम्बन्धी व्यवस्था

**२१. सहुलियत ऋणको ब्याजदर**

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषबाट प्राप्त ऋण व्यक्ति (व्यवसायी) लाई लगानी गर्ने सहकारी संस्थालाई उपलब्ध गराउने सहुलियत ऋणको व्याज दर १.५ प्रतिशत हुनेछ।

(ख) सहकारी संस्थाले व्यवसायीलाई उपलब्ध गराउने सहुलियत ऋणको व्याज दर ६ प्रतिशत भन्दा बढीमा लगानी गर्न पाइने छैन।

प्रमाणीकरण मिति: २०८०।१०।२९

(ग) सहकारी संस्थाले कोषबाट लिएको सहुलियत ऋण र संस्थाले लगानी गर्ने रकमलाई मूल लगानी मानी ६ प्रतिशत कायम गरिने छ।

(घ) सामूहिक व्यवसाय गर्नको लागि सहकारी संस्था आफैले लिएको सहुलियत ऋणको हकमा ऋणको व्याज दर ३ प्रतिशत कायम गरिनेछ।

**२२. जरिबाना सम्बन्धित व्यवस्था:**

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष र सहकारी संस्था बीच भएको सम्झौता बमोजिम तोकिएको समयमा साँवा र ब्याज भुक्तानी नगरेमा देहाय बमोजिम जरिबाना लाग्ने छ।

(१) म्याद नाघेको ६ महिनासम्म १ प्रतिशत जरिबाना लाग्नेछ।

(२) म्याद नाघेको छ महिना पश्चात् प्रति वर्ष थप १ प्रतिशतका दरले थप जरिबाना लाग्नेछ।

(३) असुल हुन नसकेको अवस्थामा अन्य व्यवस्था कानुन बमोजिम हुनेछ।

## परिच्छेद ९

## विविध

**२३. खारेजी र बचाउ**

(क) विगतमा लघु उद्यम, कृषि जन्य उत्पादन, प्रोत्साहन र ऋण सहायता कोषबाट भएका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

(ख) लघु उद्यम, कृषि जन्य उत्पादन, प्रोत्साहन र ऋण सहायता कोष सञ्चालन कार्यविधि २०७५ खारेज गरिएको छ।

(ग) यस कार्यविधिमा कुनै हेरफेर तथा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकद्वारा संशोधन गर्न सकिनेछ।

आज्ञाले

बद्री प्रसाद शर्मा वाग्ले

प्रमुख प्रशासकीय अधिकृत

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

प्रमाणीकरण मिति: २०८०।१०।२९

## अनुसूची १

### कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७९ (संशोधन २०८०) बमोजिम संस्था छनौटका लागि प्राविधिक प्रस्ताव मूल्यांकन सूचकहरू

**संस्थाको नाम:**

**ठेगाना:**

| क्र.सं. | सुचकाङ्कको आधार | अधिकतम प्राप्तांक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | सहकारी संस्था दर्ता वा नवीकरण, स्थायी लेखा नम्बर, पछिल्लो आ.व. को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, विगत २ वर्षको संस्थाको लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि | ३० | | |
| २ | कार्यक्रम माग गर्ने सम्बन्धमा गाउँपालिकाको कार्यविधि बमोजिम संस्थाको लगानी सुनिश्चित गर्ने प्रतिबद्धता सहितको सञ्चालक समितिको आवश्यक निर्णयको प्रतिलिपि | २० | | |
| ३ | तामाकोशी गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७९ (संशोधित २०८०) बमोजिमको प्रस्तावना | २० | | |
| ४ | कार्यक्रम माग गर्ने संस्थाको निवेदन | २० | | |
| ५ | सम्बन्धित वडाको सिफारिस | १० | | |
| | कुल प्राप्तांक | १०० | | |

प्रमाणीकरण मिति: २०८०।१०।२९

## अनुसूची २

## कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष मार्फत कार्यक्रम सञ्चालनको सहुलियत ऋण प्राप्त गर्नको लागि दिइने आवेदन पत्र

श्री ............................................

..................................................

विषय: ऋण उपलब्ध गराइदिने वारे।

महोदय,

मलाई उक्त ऋण प्राप्त गरी .................................... कार्य गर्न तीव्र इच्छा भएकोले निम्नअनुसार कागजात राखी निवेदन गर्दछु। मैले सहुलियत ऋण प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित सहकारी र गाउँपालिका भित्रै रही कार्य गर्ने छु।

पुनश्च: तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना तथा आर्थिक प्रस्ताव

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३. अन्य प्रमाणित प्रमाणपत्रहरू (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपिहरू (उपलब्ध भएमा)

४. कार्यक्रम कार्यान्वयन गर्न आवश्यक रकम स्वयम् लगानी गर्ने प्रतिबद्धता

पुनश्च: ऋण लगानी, असुली तथा अन्य शर्तहरु पालना सम्बन्धी व्यवस्थाहरू सहकारी संस्थाको नियमानुसार लागू हुनेछ।

निवेदक नाम:

दस्तखत:

ठेगाना:

प्रमाणीकरण मिति: २०८०।१०।२९

## अनुसूची ३

### कृषि तथा अन्य व्यवसाय प्रवर्द्धन कोषबाट सहुलियत ऋण प्राप्त गर्नको लागि पेश गरिने संक्षिप्त व्यावसायिक कार्ययोजनाः

गर्न चाहेको पेशा व्यवसायको नामः. सम्पर्क नम्वरः

ठेगानाः दोलखा जिल्ला तामाकोशी गाउँपालिका वडा नं........... टोलः............................

पेशा/व्यवसाय गरिने स्थानः व्यवसायिक हुन गरिने पेशा/व्यवसायको कार्य विवरणः

| क्र. स. | सञ्चालन गरिने क्रियाकलाप | अपेक्षित रकम (रु.) (८०% बराबर हुन आउने) | निजी लगानी (रु.) (जम्मा लगानीको २०% हुन आउने) | जम्मा लगानी (रु.). |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको होः वर्ष ..................... महिना ...................

२. पेशा/व्यवसायको किसिमः

३. पेशा/व्यवसायको कुल लागतः

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्याः

५. पेशा/व्यवसाय गरेको जग्गा को कुल क्षेत्रफलः

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधिः

७. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थापनः

क. पारिवारिकः महिला संख्याः .........., पुरुष संख्याः ............

ख. बाहिरवाटः महिला संख्याः ..........., पुरुष संख्याः...........

८.उत्पादित वस्तुको बजार कहाँ छ? :

९. बैदेशिक रोजगारबाट फर्केको हो? .............. हो भने कुन देशबाट फर्केको ..................... के काम गरेको .......................

१०. आफूले सञ्चालन गर्न चाहेको पेशा/व्यवसाय सम्बन्धी तालिम / अनुभव छ/छैन : .................. भएमा पेश गर्ने ...........

११. अपेक्षित वार्षिक प्रतिफलः

ऋण प्राप्त गर्ने तर्फबाट सहि गर्नेः

नामः

दस्तखतः

मितिः

प्रमाणीकरण मिति: २०८०।१०।२९

अनुसूची ४

**साझेदार सहकारी संस्थाले व्यवसाय प्रवर्द्धन कोष मार्फत कार्यक्रम सञ्चालनको लागि सहुलियत ऋण प्राप्त गर्नको दिइने आर्थिक प्रस्तावको ढाँचा**

श्री ............................................

..................................................

विषय: आर्थिक प्रस्ताव पेस गरिएको वारे।

महोदय,

उपरोक्त सम्बन्धमा तामाकोशी गाउँपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोष सञ्चालन कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि मिति ....................................... मा आर्थिक प्रस्ताव पेस गर्ने प्रयोजनका लागि सूचित गरिए बमोजिम यस संस्थाले कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक / व्यक्तिहरूबाट पेस भएका आर्थिक तथा व्यवसायिक प्रस्तावहरू यसै प्रस्तावका साथ संलग्न गरि देहायको ढाँचामा राखी पेस गरिएको छ।

तपसिल:

सहकारी संस्थाको पूँजी सम्बन्धी विवरण:

| क्र.सं. | संस्थाको कुल पूँजी | लगानी योग्य पूँजी | जगेडा कोषमा रहेको रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

| क्र.सं | इच्छुक कृषक / व्यक्तिको नाम | व्यवसाय सञ्चालन गर्ने ठेगाना | गर्न चाहेको व्यवसायको विवरण | व्यवसायको क्षेत्रफल/ संख्या | आवश्यक जम्मा अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणीकरण मिति: २०८०।१०।२९

| क्र.सं | इच्छुक कृषक / व्यक्तिको नाम | व्यवसाय सञ्चालन गर्ने ठेगाना | गर्न चाहेको व्यवसायको विवरण | व्यवसायको क्षेत्रफल/ संख्या | आवश्यक जम्मा अनुमानित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रस्तावक साझेदार संस्था:

आधिकारिक व्यक्तिको हस्ताक्षर:

संस्थाको छाप:

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७२

प्रमाणीकरण मिति: २०८०।१०।२९

## अनुसूची ५

### कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषबाट सहुलियत ऋण प्राप्त गर्ने परियोजना छनौट गर्दा अपनाइने मूल्यांकनका आधारहरू

प्रस्तावक साझेदार सहकारी संस्थाको नाम:

ठेगाना:

| क्र.स. | आवेदकको नाम | ठेगाना | प्रस्तावित योजनाको व्यावसायिकता (३०) | पेशा, व्यवसायको सम्भाव्यता/ उपयुक्तता (३०) | अनुभव/ तालिम (१०) | महिला (१०) | वैदेशिक रोजगारवाट फर्केको (१०) | वातावरणीय सुरक्षा/वरपरको वातावरणमा पार्ने असर (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणीकरण मिति: २०८०।१०।२९

## अनुसूची ७

### कृषि तथा अन्य व्यवसाय प्रवर्द्धन कोषबाट सहुलियत ऋण प्राप्त गर्ने कृषक / व्यक्तिहरूले प्रगति विवरण पठाउने फारामको ढाँचा

१. कृषक/समुह/संस्थाको

नामः

ठेगानाः

२. सञ्चालित पेशा/व्यवसायको

नामः

ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधिः

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चन | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्यः

१. ......................

२. .......................

३. ..........................

उद्यमिको नामः

मितिः

दस्तखतः

ठेगानाः